**प्राज्ञिक विमर्श**, **वर्ष ६**, **अङ्क**, १२, २०८१ **असोज**, ISSN 2676–1297

# वधशाला जाँदा आँउदा कथामा सारवस्तु

❋ **घनबहादुर थापा**
thapa123@gmail.com

*अध्ययनसार*

*प्रस्तुत अध्ययन कार्य सारवस्तुसम्बन्धी अध्ययन भएको हुनाले यसमा सारवस्तुको अध्ययन गर्दा सारवस्तुको सैद्धान्तिक मान्यताको स्थापना गरी सोही सिद्धान्तका आधारमा पारिजातको बधशाला जादा आउदा कथामा अभिव्यक्त सारवस्तुको निरूपण गरिएको छ। बधशाला जाँदा आउँदा कथामा सारवस्तु यस अध्ययन गर्दा उनको कथामा काम पाएका र काम नपाएकाहरूको हविगत उस्तै छ। समस्या, अभाव र दीनहिनता उस्तै छ भन्दै कथाकारले निम्न तहका कर्मचारी र बेरोजगारको समस्यालाई यथार्थ रूपमा चित्रण गर्नु नै कथाको सारवस्तु हो भनेका छन् । निम्न तहका कर्मचारीले भोगेको र भोग्नु परेको निरस जीवनको ग्लानि भावलाई ब्यक्त गरी ऊ जस्तै समस्याग्रस्त नेपालीहरूको जीवनको चित्रण गर्नु कथाको सारवस्तु को भन्न सकिन्छ । बधशाला जाँदा आउँदा कथामा सारवस्तुको प्रस्तुति अभिधार्थको तहबाट प्रत्यक्ष रूपमा भएको छ। बालबालिकालाई मनोरञ्जन प्रदान गरी नैतिक शिक्षा दिनु कथाको उद्देश्य वा सारवस्तु रहेकाले यसलाई सरल शैलीमा प्रस्तुत गरी बालबालिकाको कोमल हृदयलाई स्पर्श गर्ने काम कथामा भएको छ। कथाहरूमा अभिव्यक्त सारवस्तु ज्यादै उपयोगी देखिन्छ।*

**मुख्य शब्दावली**: सारवस्तु, निरूपण, जीवनस्तर, दीनहिनता , जीवन दर्शन ।

## विषयपरिचय

पारिजात (वि. सं १९९४-२०५०) आधुनिक नेपाली साहित्यका क्षेत्रमा बहुमुखी प्रतिभा हुन् । नेपाली साहित्यमा कथा, कविता, उपन्यास, निबन्धजस्ता  विधामा कलम चलाएकी पारिजात विशेषत कथाकार हुन् । कथाकारका रूपमा उनका *आदिम देश* (२०२५), *सडक र प्रतिभा* (२०३२), *साल्गीको बलात्कृत आँशु* (२०४३) र *वधशाला जाँदा आँउदा* (२०४९) गरी चारओटा कथा सङ्ग्रहहरू प्रकाशित छन् । प्रस्तुत अध्ययन यिनै बहुभुखी प्रतिभाशाली कथाकार पारिजातको *वधशाला जाँदा आँउदा* (२०४९) कथा सङ्ग्रहका कथाहरूमा प्रयुक्त सारवस्तुको लेखाजोखामा केन्द्रित रहेको छ। यसका निम्ति सारवस्तुको प्रतिपादित सिद्धान्तका आधारमा कथामा सारवस्तुको सार्थकताको निरूपण गरी निष्कर्ष निकालिएको छ।

कथाकार पारिजातको कथा सङ्ग्रहहरूमध्ये *वधशाला जाँदा आँउदा* (२०४९) प्रकाशनका दृष्टिले चौंथो कृति हो । यस कथा सङ्ग्रहमा सङ्कलित कथाहरू प्रगतिशील चिन्तनधाराअन्तर्गत मार्क्सवादी चिन्तनबाट प्रभावित छन् । प्रस्तुत अध्ययनको उद्देश्य यिनै स्रष्टा पारिजातका बधशाला जाँदा आउँदा कथा सङ्ग्रहका कथाहरूको अध्ययन गरी ती कथाहरूको सारवस्तुको निरूपण गर्नु रहेको छ।

## अध्ययन विधि र कथाको सारवस्तुको सैद्धान्तिक अवधारणा

प्रस्तुत अध्ययन कार्य सारवस्तुसम्बन्धी अध्ययन भएको हुनाले यसमा सारवस्तुको अध्ययन गर्दा सारवस्तुको सैद्धान्तिक मान्यताको स्थापना गरी सोही सिद्धान्तका आधारमा पारिजातको बधशाला जाँदा आउँदा कथामा अभिव्यक्त सारवस्तुको निरूपण गरिएको छ। साथै विश्लेषण गर्दा वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको उपयोग गरिएको छ।

कथामा पनि संरचना र रूपविन्यास गरी दुई पक्ष रहेका हुन्छन् । कथाको संरचनामा कथावस्तु, पात्र विधान दृष्टिविन्दु र सारवस्तु गरी चारवटा तत्त्वहरू पर्दछन् । तिनीहरूमध्ये सारवस्तु कथाको महत्त्वपूर्ण तत्त्व हो ।

कथाकारले कृतिका माध्यमबाट आफूले व्यक्त गर्न खोजेको विचार वा अभिप्रायलाई सारवस्तु भनिन्छ। कुनै पनि कृति पढि सकेपछि त्यसबाट पाठकले जुन भावार्थ वा अभिप्राय पाउँछ त्यही नै सारवस्तु हो । सारवस्तुलाई उद्देश्य, विचार, जीवन दर्शन, सन्देश वा सारतत्त्व पनि भनेको पाइन्छ। कथा संरचनामा कथा वस्तुसँग प्रत्यक्ष वा परोक्ष रूपमा विचारको बीज रोपिएको हुन्छ।

❋ **लेखक अध्ययन तथा अनुसधानको क्षेत्रमा क्रियाशील हुनुहुन्छ।**

यो नै पछि कथा वस्तुका रूपमा प्रदर्शित हुन्छ। सारवस्तुलाई कथाकारले अविधात्मक उपयुक्तिमूलक वा प्रतीकात्मक अर्थ वा तहबाट प्रदर्शन गर्नसक्छ। कथामा सारवस्तु मानवशरीरको रक्तसंचार प्रणाली झैं सर्वव्याप्त हुन्छ। यसको स्थिति चाहिँ शाश्वत हुन सक्छ र प्रसङ्ग विषयक फरक तर जे भएपनि यसले मानव समाजका निम्ति नै विभिन्न भाव वा विचरा सञ्चार गर्दछ। नदीको पानी भित्रको विद्युतीय धार झैं यस्ता भाव वा विचारले मानव समाजमा परिवर्तन ल्याउन सक्दछ। जसरी मानव शरीरमा रक्तसञ्चार प्रणाली सर्वव्याप्त हुन्छ, त्यसरी नै कथामा पनि सारवस्तु कथाभरि सर्वव्याप्त भएर फैलिएको हुन्छ। प्रसङ्ग र विषय फरक भएपनि कथाले पाठक र श्रोतालाई दिन खोजेको विचार वा सन्देश चाहिँ महत्त्वपूर्ण हुन्छ। यस्ता भाव र विचारले समाजलाई परिवर्तनको दिशातर्फ उन्मुख गराउन खोजेका हुन्छन् त्यही नै कथामा सारवस्तुको रूपमा चित्रित हुन्छ। कथाको उद्देश्य पाठकलाई तत्काल स्वास्थ मनोरञ्जन दिनु र कुनै न कुनै सत्यको प्रतिष्ठापन गर्नु हो। त्यसैले जीवनको कुनै एकपक्ष प्रतिदृष्टिकोणको प्रस्तुति हेर्दा पाठकलाई कुनै न कुनै ज्ञान प्राप्त भएको हुन्छ (न्यौपाने, २०४९, पृ. १७०)।कथाकारले कथाका माध्यमबाट प्रस्तुत गर्ने सकारात्मक दृष्टिकोण नै सारवस्तु हो। कथाकारले कृतिका माध्यमबाट आफूले व्यक्त गर्न खोजेको विचार वा अभिप्रायलाई सारवस्तु भनिन्छ। अर्को तरिकाले भन्नुपर्दा कुनै पनि कथा कृति पढिसकेपछि त्यसबाट पाठकले जुन भावार्थ वा अभिप्राय पाउँछ त्यही नै सारवस्तु हो (लुइटेल,२०७०,पृ.१६)।

सारवस्तुलाई कथाको उद्देश्य भनेर पनि चिनाउन सकिन्छ। यसले पाठक वा श्रोतालाई तत्कालका लागि मनोरञ्जन दिनुका साथै नैतिक, धार्मिक, सामाजिक र ऐतिहासिक मध्ये कुनै एक किसिमको ज्ञान दिलाउन खोजेको हुन्छ। यी मध्ये पाठकले जस्तो किसिमको भाव ग्रहण गर्न सक्छ त्यही भावलाई सारवस्तुका रूपमा लिन सकिन्छ।

प्रथमतः पाठकलाई मनोरञ्जन प्रदान गर्नु नै कथाको एउटा उद्देश्य रहेको पाइन्छ भने जीवनसम्बन्धी कुनै महत्त्वपूर्ण तथ्यको वा मानव मनका कुनै खास पक्षको परिचय दिनु पनि कथाको उद्देश्य रहेको हुन्छ। कथामा जीवनको व्याख्या गर्नु सम्भव छैन तर जीवन प्रतिको कुनै खास दृष्टिकोणको प्रतिपादन यसमा सम्भव छ। कुनै कथाकारले आ‍त्‍ना कथामा जीवन जगत् प्रतिको यथार्थवादी दृष्टिकोण प्रस्तुत गरेका हुन्छन् भने कतिपय कथाकारहरूले जीवन जगत्को यथास्थितिमा परिवर्तन ल्याइ आदर्शको स्थापना गर्नुपर्ने दृष्टिकोण प्रस्तुत गरेका छन्। कथाका माध्यमबाट प्रकट हुने यिनै विविध दृष्टिबोण नै कथाका उद्देश्य हुन् र कथामा यिनको प्रस्तुति उपदेशात्मक ढङ्गले नगरी कलात्मक किसिमले गरिएको हुनुपर्छ। (आचार्य र अन्य, २०५४, पृ. च)

पाठकले कुनैपनि कथाको अध्ययन गरिसकेपछि वा श्रोताले कथा श्रवण गरिसकेपछि मनलाई आनन्दित बनाउनु नै कथाको उद्देश्य रहेको हुन्छ। जीवनको कुनै एक महत्त्वपूर्ण तथ्य वा मनको कुनै खास पक्षको परिचय दिनु पनि कथाको उद्देश्य भित्र पर्दछ। कथाकारले कथामा व्यक्तिको जीवन भोगाइ र समाजको सामाजिक यथार्थको चित्रण गरी आर्दशको परिकल्पना गरेका हुन्छन्। कथामा यसरी प्रस्तुत भएका आर्दशका कुराहरू कलात्मक ढङ्गले प्रकट भएका हुन्छन्। त्यस्ता कुराहरूलाई नै सारबस्तुका रूपमा व्याख्या र विश्लेषण गर्न सकिन्छ।

विचार शून्य अवस्थामा कथाले जीवन पाउन सक्दैन। विचारलाई कतिपय ठाउँमा उद्देश्य जीवनदर्शन, दृष्टिविन्दु, कथा अन्तर्वस्तु आदि संज्ञाबाट सम्बोधन गरिन्छ। कथा कतै कथाकारले राखेका उद्देश्यअनुसार आ‍त्‍ नै व्यक्तित्व प्रर्दशन गर्ने कार्यमा केन्द्रित रहन्छ भने कतै वैचारिकता प्रर्दृशन गर्ने उद्देश्यमा केन्द्रित रहन्छ। कथाको उद्देश्य कथाकारको वैयक्तिक व्यक्तित्व प्रर्दशन रह्यो भने विचार पक्ष गौण रहन्छ। त्यस्तो अवस्थामा कथा शैली र चालढालको चमत्कारीमा अल्मलिएको हुन्छ र विचारपक्षलाई स्थापना गर्ने उद्देश्यले प्रेरित कथा लेखन हो भने मानवीय शाश्वत मूल्यमा आएका जीवन र युगका प्रभावहरू र संवेगका क्षणहरूले कथालाई जीवन दिएका हुन्छन्। यस्ता कथामा समाजका राजनीति, अर्थनीति, धर्म र संस्कृति, ज्ञानविज्ञान परम्परागत र नवीन मूल्यबोधका चेतहरू सिङ्गो संरचनामा देखिने सङ्गति र विसङ्गतिका लक्षणहरूलाई पारदर्शी रूपमा स्थापना गरिएको हुन्छ (सुवेदी, २०५७,पृ. ३०)।

कथामा कथाकारले एउटा विचार प्रस्तुत गरेका हुन्छन् । कथामा प्रस्तुत भएका विचारलाई कतिपय ठाउँमा उद्देश्य, जीवनदर्शन, दृष्टिविन्दु, अन्तरवस्तु वा सारांश आदि नामले पनि व्यक्त गरिएको हुन्छ। कथामा कथाकारले कतै व्यक्तित्व प्रदर्शन गर्ने कार्यमा केन्द्रित रहेको हुन्छ। भने विचारपक्षलाई केन्द्रित गरिएको हुन्छ। तर विचार पक्षलाई केन्द्रित गरी लेखिएका लेख नै कथा लेखनको उद्देश्य हो । यस्ता कथामा समाजमा राजनीति, अर्थनीति, धर्मसंस्कृति ज्ञानविज्ञानको परम्परागत र नवीन मुल्यका चेतहरूलाई परदर्शी रूपमा राख्न खोजिएको हुन्छ। यसलाई नै कथाको सारवस्तु मान्न सकिन्छ।

विषय पनि सबै साहित्यिक कृतिहरूको तत्त्व हो र यो कथाको पनि आधारभूत तत्त्व हो । कथाको विषय यही जीवन जगत् हुने् गर्दछ र यसै जीवन जगत्का प्रवृत्ति, समाज, धर्म संस्कृति, इतिहास मनोविज्ञान आदिमध्ये कुनै एक वा एकभन्दा बढी विषयको चित्रण गरिने मुख्य कुरो हो। यसलाई केन्द्रिय कथ्य पनि भन्ने गरिन्छ। कथामा चित्रण गरिएको विषयकै आधारमा कथाहरू सामाजिक मनोवैज्ञानिक आदि हुने गर्छन् । कथामा व्यक्त विचारतत्त्व, सन्देश वा कथाको उद्देश्य तत्त्व जस्ता कुरा पनि यसै विषयसँग सम्बन्धित हुने गर्छन् । त्यसैले कथाका केन्द्रीय कथ्य विचार तत्त्व, सारवस्तु, सन्देश उद्देश्य आदि सबै तत्त्वलाई विषय तत्त्व भित्रै राखेर हेर्न सकिन्छ। (अवस्थी, २०५५,पृ. ६) सारवस्तुलाई कथाकारले अभिधात्मक, अन्योक्तिमूलक वा प्रतिकात्मक कुनै पनि अर्थको तहबाट प्रदर्शन गर्न सक्छ (लुइटेल,२०७०, पृ.१६) । सारवस्तुलाई कथाको आधारभूत तत्त्वको रूपमा चित्रित गरिएको हुन्छ। यसलाई विषयवस्तुको रूपमा पनि लिन सकिन्छ। यसले जीवन जगत्का प्रवृति समाज, धर्म, संस्कृति, इतिहास र मनोविज्ञानमध्ये कुनै एउटा विषयलाई आधार मानेको हुन्छ। कथामा व्यक्त गरिएको विचार तत्त्व वा केन्द्रीय भावलाई सारवस्तु भन्न सकिन्छ। यसलाई उद्देश्य भित्रै राखेर अध्ययन गर्न सकिन्छ।

उद्देश्यलाई विचार तथा कथाले देखाउन चाहेको सारतत्त्व पनि भन्ने गरिन्छ। 'थेम' थट 'मिनिङ' को नेपाली रूपान्तरणको रूपमा 'उद्देश्य' लाई राख्न सकिन्छ। संरचनावादीहरू थेमको सम्बन्ध विषय सूत्रसित रहेको मान्दछन् । पाठकवादीहरू उद्देश्यलाई मिनिङको रूपमा हेर्दछन् । वास्तवमा कुनै पनि कथाले कथा मार्फत् भन्ने, देखाउने, प्रस्तुत गर्ने, जीवन चिन्तन सारपक्ष नै कथाको उद्देश्य हो। कथाकार कथा मार्फत् के भन्न चाहन्छन् । कथाले के भन्न चाहन्छ नै कथाको उद्देश्य हो । यो उद्देश्य नै कथाको वैचारिक पक्ष हो । छोटकरीमा भन्दा कथाले छोड्ने विष्कर्ष नै कथाको सारतत्त्व हो, जसको सम्बन्ध कथाको उद्देश्यसित गाँसिएको हुन्छ। (बराल, २०३९,पृ. ५)

सारवस्तुलाई कथाले देखाउन खोजेको सारवत्त्वका रूपमा व्याख्या गर्न सकिन्छ। कुनै पनि कथाले कथा मार्फत् प्रस्तुत गर्ने जीवन चिन्तन वा सारपक्षा नै उद्देश्य हो । पाठकले कथा पढिसके पछि प्राप्त गर्ने निष्कर्ष वा निचोड नै सारवस्तु हो ।

कुनै कथाको भावार्थ वा अभिप्राय नै सारवस्तु हो। कथामा कुनै न कुनै विचार वा भावको वीज रूप प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रहेको हुन्छ। यसैबाट कथानकको संरचना तयार गरिन्छ। कथा संरचनाको सौन्दर्य तत्त्व मानिने विचार वा भावको बीजरूप नै सारवस्तुका रूपमा रहन्छ। सारवसुतलाई अभिधात्मक प्रतीकात्मक र अन्योक्तिमूलक मध्ये कुनै किसिमबाट पनि प्रस्तुत गर्न सकिन्छ। कुनै पनि साहित्यको लेखकले पाठकवर्गसँग सम्बन्ध स्थापना गर्नको लागि आफ्ना कृतिहरूमा कुनै न कुनै विचार दृष्टिकोण वा भावलाई विधाको स्वरूप हेरेर प्रस्तुत गर्दछ। मूलतः आख्यानात्मक कृतिहरूमा यस्ता भाव विचार वा दृष्टिकोणहरूलाई कथानक र पात्रको संयोजन गरी कथात्मक पारामा व्यक्त गरिएको हुन्छ।

कथाको भाव वा अभिप्राय नै सारवस्तु हो । कथामा भन्न वा बताउन खोजिएको वीज नै सारवस्तु हो । सारवस्तुलाई अभिधात्मक, प्रतीकात्मक, व्यङ्ग्यात्मक र अन्योक्तिमूलकमध्ये कुनै एक किसिमबाट प्रस्तुत गर्न सकिन्छ। यसरी प्रस्तुत हुने मूलभाव वा विचारलाई सारवस्तु भनिन्छ।

कुनै पनि लक्ष्य हासिल गर्न उद्देश्यको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले बालकथा लेखनमा चाहिने आवश्यक तत्त्व उद्देश्य पनि हो । लेखकले लेख्नुपूर्व उद्देश्य निर्धारित गर्नुपर्दछ । उद्देश्य अनुरूप लेखिएका बालकथाले नै राम्रो प्रभाव पनि सक्दछ । स्रष्टाले उद्देश्य निर्धारणमा पनि व्यक्तिकै सर्तकता अनुकूल पर्ने देखिन्छ । सबै उमेर समूहका बालबालिकाका लागि एउटै उद्देश्य रहनु उपयुक्त देखिँदैन । कथाकारले कथा लेख्दा कुनै एउटा उद्देश्यको लागि लेखेको हुन्छ । यसरी लेखिएका सबै कथाहरूमा एउटै किसिमको उद्देश्य राखिनु हुँदैन । कथाको स्तर र प्रकृति, पाठकको उमेर स्तर र बौद्धिकता अनुसारको उद्देश्य राखिएको हुनुपर्दछ । यसरी कथाको स्तरबमोजिम उद्देश्य निर्धारण गरिएको हुन्छ । यही उद्देश्यलाई नै सारवस्तु मान्न सकिन्छ ।

कथाको संरचनाभित्र पनि सारवस्तु सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । यसलाई कसैले सारवस्तु भनेका छन् भने कसैले भाव, कसैले उद्देश्य, कसैले जीवनर्दशन पनि भन्ने गरेका छन् । समग्रमा कथाकारले आफ्ना कृतिका माध्यमबाट जे कुरा व्यक्त गर्न खोजेको हुन्छ, त्यो नै सारवस्तु हो अथवा पाठकले कृति पढिसकेपछि ग्रहण गर्ने भाव वा सन्देशलाई सारवस्तु भन्न सकिन्छ ।

कथाले पस्किन खोजेको केन्द्रीय विचार, भाव, उद्देश्य, सन्देश जे भने पनि सारवस्तुलाई बुझाइएको हुन्छ । कथामा प्रस्तुत सारवस्तु अभिधात्मक पनि हुन सक्छ । प्रतीकात्मक पनि हुनसक्छ । अझ कतिपय कथाको सारवस्तु व्याङ्ग्यात्मक पनि हुन सक्छ । यस्ता प्रतीकात्मक र व्यङ्ग्यात्मक कथामा सारवस्तु सोझो अर्थमा नभइ घुमाउरो अर्थले दिइएको हुन्छ । त्यस्ता कथाको सारवस्तु बुझ्नको लागि बौद्धिक पाठकको आवश्यकता पर्दछ । त्यस्ता कथामा कुनै एउटा पक्ष वा विचारलाई सिधा रूपमा नभइ घुमाएर व्याख्या र विश्लेषण गरिएको हुन्छ । कथा जस्तो किसिमको भएपनि त्यसले एक किसिमको सार अवश्य बोकेको हुन्छ । आधुनिक कथामा  सारवस्तुलाई बढी महत्त्व दिइएको हुन्छ ।

कथामा सारवस्तुलाई महत्त्वपूर्ण तत्त्वका रूपमा राखिएको हुन्छ । कथामा पाठकले सजिलैसँग ग्रहण गर्न सक्ने खालको सोझो अर्थ आउने र स्पष्ट अर्थ आउने खालको सारवस्तु प्रस्तुत गरिएको हुन्छ । कथामा सोझो अर्थ आउने खालका वा अभिधात्मक अर्थ दिने खालका सारवस्तु राखिएको हुन्छ र हुनुपर्दछ । कथामा त्यसको भाव र मर्म बुझ्नको लागि बौद्धिक पाठकको आवश्यकता पर्छ । कथामा मूल रूपमा मनोरञ्जन प्रदान गर्दै नैतिक आदर्शमा जोड दिने खालको सारवस्तुको प्रक्षेपण गर्ने उद्देश्य राखिएको हुन्छ ।

साहित्यका प्रमुख र लोकप्रिय विधाहरूमध्ये कथा पनि एक हो । कथा अन्य साहित्यिक विधा भन्दा लचिलो र गतिशील हुन्छ । त्यसैले कथालाई एउटै परिभाषा र स्वरूपमा व्यक्त गर्न कठिन हुन्छ । कथा नित्य परिवर्तनशील हुन्छ भने प्रयोगधर्मी सम्भावनाले गर्दा सदा नवीन हुन्छ । वास्तवमा कथा विचार तथा भावनाको सञ्चार गर्ने एउटा यस्तो पूर्ण कला हो जसले आफ्नो सानो आयतनलाई एउटा सुन्दर आकार प्रदान गरेर त्यसमा जीवन वा समाजको सजीव चित्र कोर्दछ । कथामा मनोरञ्जक कथात्मकता तथा प्रस्तुतिगत मिठासले गर्दा यो अन्य साहित्यिक विधा भन्दा रोचक हुन्छ । कथाले आन्तरिक तथा बाह्य प्रवृत्तिहरूको चित्रण गरेर मानव जीवन तथा समाजलाई दिशानिर्देश गर्ने हुनाले यो अति गहन, सूक्ष्म तथा कौतूहलपूर्ण हुन्छ । यसको संरचनामा कथानक, चरित्र, परिवेश, दृष्टिबिन्दु, जीवनदर्शन, भाषाशैली आदि विभिन्न उपकरणहरूको समायोजन भएको हुन्छ । यसले फरक फरक तत्त्वहरूको आन्वितिका माध्यमबाट कथाले आफ्नो सुन्दर स्वरूप प्राप्त गर्दछ । कथालाई जीवनजगत् तथा सिङ्गो सभ्यता कै प्रतीक मानिन्छ । यसमा मानव जीवन, सभ्यता तथा समाजको कथा अनि जीवन जगत्कै व्याख्या विवेचना र आलोचना हुन्छ । यसमा आफ्नो समाज र युगमा बाँचेका व्यक्तिका कथा, व्यथा, सुख, दुःख, जय, पराजय, विचार, अनुभव आदि विविध पक्षको उद्घाटन र तिनले समाजमा पार्ने प्रभावको यथार्थ प्रस्तुतीकरण भएको हुन्छ । कथा एउटा गतिशील विधा भएको हुँदा यसले युग चेतनालाई राम्ररी मुर्त्याउन सक्छ । आफ्नो निश्चित शैली, संरचना र सीमामा रहेर जीवन जगत्को सटिक चित्रणतर्फ लक्षित हुनु कथाको प्रकृति हो ।

कथालाई पूर्णता दिन आवश्यक पर्ने उपकरण नै कथाका तत्त्वहरू हुन् । कथाको आफ्नै रचना विधान हुन्छ । कथा एक यौगिक रचना भएकाले सबै अङ्गगत एकाइ वा उपकरणको योगबाट कथाको संरचना तयार हुन्छ ।

ती तत्त्वहरूका बीचमा अन्योन्याश्रित सम्बन्ध रहने हुनाले तिनलाई अलग-अलग छुट्ट्याएर हेर्नु युक्तिपूर्ण हुँदैन। तापनि अध्ययन सुविधाका निम्ति तिनको अलग-अलग चर्चा गर्ने गरिन्छ। कथाको रचना विधानमा संरचना र रूपविन्यास गरी दुई पक्षहरू हुन्छन्। कथाको भाव वा अभिप्राय नै सारवस्तु हो। कथामा भन्न वा बताउन खोजिएको वीज नै सारवस्तु हो। सारवस्तुलाई अभिधात्मक, प्रतीकात्मक, व्यङ्ग्यात्मक र अन्योक्तिमूलकमध्ये कुनै एक किसिमबाट प्रस्तुत गर्न सकिन्छ। यसरी प्रस्तुत हुने मूलभाव वा विचारलाई सारवस्तु भनिन्छ। कथामा सारवस्तुलाई महत्त्वपूर्ण तत्त्वका रूपमा राखिएको हुन्छ। कथामा पाठकले सजिलैसँग ग्रहण गर्न सक्ने खालको सोझो अर्थ आउने र स्पष्ट अर्थ आउने खालको सारवस्तु प्रस्तुत गरिएको हुन्छ। कथामा सोझो अर्थ आउने खालका वा अभिधात्मक अर्थ दिने खालका सारवस्तु राखिएको हुन्छ र हुनुपर्दछ। कथामा त्यसको भाव र मर्म बुझ्नको लागि बौद्धिक पाठकको आवश्यकता पर्छ। कथामा मूल रूपमा मनोरञ्जन प्रदान गर्दै नैतिक आदर्शमा जोड दिने खालको सारवस्तुको प्रक्षेपण गर्ने उद्देश्य राखिएको हुन्छ।

**वधशाला जाँदा आउँदा कथाको सारवस्तु**

वधशाला जाँदा आउँदा कथा *वधशाला जाँदा आउँदा* (२०४९) कथा सङ्ग्रहमा सङ्कलित कथा हो। कथामा मानिसका वैचारिक स्वतन्त्रता, चरित्र र नैतिकताको हत्या गर्ने ठाउँका रूपमा कुनै कार्यालयलाई वधशाला भनेर दर्तावालबाट आत्म कथनात्मक दृष्टि प्रस्तुत गरिएको छ। कुनै अफिसको दर्ताफाँटको कर्मचारीले घरबाट अफिस र अफिसबाट घर आउँदासम्मको अनुभवलाई टपक्क टिपेर कथाको कथ्य विषय बनाइएको छ। झिनो कथानकलाई कथाको मुख्य विषय बनाइएको यस कथाको शीर्षक नै सिङ्गो कथासङ्ग्रहको शीर्षक रहन गएको छ। अर्को यस समयका मानिसहरू कुनै न कुनै पेशामा आबद्ध रहेका छन्। तर तिनीहरू आफ्नो नैतिकतालाई मध्यनजर नगरी पैसामुखी बनेका छन्। सारा कार्यलय र प्रशासनिक निकायहरू आज जनताको काम गर्ने एकाई नभएर कर्तव्य, निष्ठा र मर्यादाको हत्या गर्ने वधशालामा परिणत भएको छ भन्ने कुरा यस कथाले प्रदर्शन गरेको छ। कुनै पनि अफिसको तल्लो तहको कर्मचारीहरू सँधै कार्यालय गएर घोटिए पनि उसको जीवनस्तर भने यथावत रहने तथ्य कथाबाट प्रष्ट भएको छ। यसले उनीहरूको आफ्ना अनेकौ इच्छा चाहनाहरू समेत दवाएर राख्नु परेको छ। त्यसैले उनीहरूले कार्यालयलाई आफ्नो वधशाला हो भन्ने देखाउनु नै कथाको मूल अभिप्राय हो। झिनो कथावस्तुलाई लिएर तयार गरिएको यस कथामा कथानक संरचनाअनुसार थोरै पात्रको प्रयोग भएको छ। पात्रानुकूलको संवाद प्रयोग भएको यस कथामा पात्रको आन्तरिक मनोजगत्को सफल चित्रण भएको छ।

एउटा कार्यालयमा काम गर्ने मानिसको दैनिक दिनचर्या भावना चरित्र र नैतिकताको ह्रास भएको कथानकलाई उद्घाटित गर्दै मानिसलाई सर्वपक्षबाट मार्ने र मारिने वधशालाको रूपमा प्रस्तुत गरिएको यस कथाको स्वार्थजन्य अवस्थाको चित्रण गरिएको छ।

कुनै पनि अफिसमा कार्यरत निम्न स्तरको कर्मचारीले जागिर खाने होइन जागिरले उसलाई खाएको हुन्छ। थोरै तलबले गर्दा आफ्ना आवश्यकता र चाहानालाई समेत दबाउन विवश हुनुपर्दछ। त्यसैले अफिस उनीहरूको लासग एउटा वधशाला जस्तै हो भनेर देखाउनु यस कथाको प्रमुख उद्देश्य हो (घिमिरे र ज्ञवाली, २०६४, पृ.२५४)।

वर्तमान समाजको तनावमा बाँच्न विवश बनेका मान्छेको भावना र वैचारिक स्वतन्त्रता जहाँ सुकै पनि हत्या भैसकेको छ तैपनि आजको मान्छे एक न एक पेसामा आवद्ध छ। वर्गीय विषमताको विकार बन्नु परेका जीवनमा जुनसुकै पेसाका स्रोतहरू पनि कसाहीका अचानो बनेर आइपुग्छन्।

कथामा एउटा सामान्य जागिर खाएर जीवनयापन गर्न खोज्ने साधारण मान्छे कसरी अनैतिकताको दलदलमा फसेर निकम्मा सावित हुन्छ भन्दै सामान्य चाहना र आवश्यकता पूरा गर्न नसकेको प्रसङ्गलाई कथामा चित्रण गरिएको छ। कथामा सामान्य तहका कर्मचारी कसरी दिनानुदिन गल्दै निमसरो हुँदै जीवन बाँचिरहेका छन् भन्दै कार्यालयलाई जोसजागर, उत्साह, उमङ्ग मार्ने बधशालाको रूपमा प्रस्तुत गर्नु नै कथाको सारवस्तु मान्न सकिन्छ। समाज जतिजति आधुनिक बन्दे गएको छ त्यतित्यति भ्रष्टाचारको दलदलमा फस्न पुगेको छ। अनैतिक

र अमर्यादित कामले प्रश्रय पाएको छ। निम्न स्तरका कर्मचारीलाई भऱ्याङ्ग बनाएर माथिल्ला तहका हाकिमहरू नहुने कामलाई हुने बनाउन दिनरात लागि परेका छन् भन्दै कथाले नेपालको कर्मचारीतन्त्रलाई प्रष्ट्याएको छ। बर्षौंदेखि आफूले लगाउने कपडासम्म फेर्न नसकेको प्रसङ्ग उल्लेख गर्दै निम्न तहको कर्मचारी आफ्नो रचनात्मक समय मरेको प्रसङ्ग यसरी व्यक्त गर्छ-

> *आज भन्दा तीन वर्ष अघि मैले तपाइलाई यहि थाममा यही मोडमा भेटेको थिएँ, खाली समय मात्र फरक परेको छ, त्यतिखेर म अड्डाबाट फर्कदै थिएँ, आज अड्डा जादै छु, त्यतिखेर पनि म तपाइले यही कोट लगाउनुभएको थियो सायद मयलपोष सुरुवाल यो होइन कोट अलिक खुइसिएछ तीन वर्षमा त यति खुइलिन्छ नै (पृ.२२)।*

यसरी वर्षौंसम्म एउटै कपडाले धान्नु परेको यथार्थ उद्घाटित गर्दै निम्न स्तरका निम्न वर्गीय कर्मचारीहरू समस्याबाट ग्रसित छन्। जसले गर्दा पारिवारीक अवस्था नाजुक भएको कुरालाई कथाले ब्यक्त गरेको छ। सामान्य जागिर खाएर काठमाडौंमा बाँच्नु नरक परे जस्तै हो भन्दै आफ्नो पेसालाई घृणा भावको दृष्टिले कर्मचारी यस्तो भाव व्यक्त गर्न पुग्छन्-

> *मेरो पनि एउटा पेसा छ अर्थात म छु ममाथि अर्को छ त्यसमाथि अर्को त्यस्तै त्यस्तै विगत तीन वर्ष भरीको मेरो जीवन क्रमशः कुनै परिवर्तन आएको छैन। छोरो तीन वर्ष पुगेको छ रोगी छ सधैं पहेंलो र ख्याउटे............। तल घरबहाल र रोगी छोरोको जोरघटाउका परिणामामेरो खुइलिएको स्वीटर त्यो पेसेवारको कोट जस्तै (पृ.२३)।*

कथामा निम्न वर्गीय प्रतिनिधि कर्मचारीले पाएको दुःख अभावग्रस्त जीवन तथा समस्याग्रस्त हीनताबोधलाई व्यक्त गर्दै विरामीभउको बखत उपचार समेत गर्न नसक्ने परिवेशको कल्पना गरिएको छ। ऊ सोच्छ-

> *मेरो स्वास्नी दोस्रोपल्ट भारी जिउकी भएकी छे यदि डाक्टरले तेरी स्वास्नीको पाठेघरमा बच्चा अप्ठ्यारो किसिमले बसेको छ यहाँ उपचार हुन सक्दैन अन्त लैजाउ भनिदिए ? म उसलाई रातारात पुऱ्याउन सक्दिनँ जसरी पहुचवालाहरू सक्छन्। यहाँ पनि माया र चाहनाको हिसाव एउटै हो (पृ.२४)।*

पारिवारिक जिम्मेवार बोध भएपनि आफूले केही गर्न नसकेको र नसक्ने परिवस्थितिको कल्पना गर्दै सामान्य वर्गका कर्मचारी निरिह भएर तल्लो स्तरको जीवन बाँचेको कुरालई कथासारको रूपमा ब्यक्त भएको छ। आफूले काम गर्ने अड्डालाई आफ्नो परिभाषामा म जस्ते मान्छेको भावनाहरूको बधशाला हो। समय बिताउँदै बूढो हुँदै जाने यन्त्रशाला हो भन्ने आक्रोश यसरी व्यक्त भएको छ -

> *यहाँ कुर्सीहरूको आफ्नो आफ्नो तह छ, अरू ठाउँमा जस्तै र............. मेरो पनि एउटा निश्चित कुर्सी छ दर्ता फाँटमा घुम्ने होइन भाचिने सम्भावना भएको। कुनै समय मै अलिक दुब्लाएको बेला म यस कुर्सीमाथि बसेर शारीरिक यातना खान्छु जुन यातनालाई मेरो कामको व्यस्तताले ऊ एकरति पनि भाइन सकेको हुँदैन (पृ.३४)।*

कथाभित्र कार्यालयमा काम गर्ने कर्मचारीले आफ्नै कार्यालयलाई आफ्नै बधशालाको रूपमा चित्रण गर्दै त्यहाँ काम गरेर सन्तुष्टि भन्दा पनि शारीरिक र मानसिक यातना भोग्नुपरेको कुरालाई ब्यक्त गरेको छ। आफू भन्दा माथिल्ला तहका कमचारीहरू दायाँबायाँ गरी मनग्य सम्पति कमाइरहेका छन्। उनीहरूसँग दायाबाया गर्ने, फाल्तु पैसा खर्च गर्ने औकात पनि छ तर दर्तावाल कर्मचारी बधशालाबाट बाहिर निस्किएपछि बेलूकालाई खाने तरकारी किन्ने पैसा नभइ रित्तै फर्केको भाव यसरी ब्यक्त गर्छ- *बधशाला बाहिर निस्किसकेपछि यस्सो खल्ती छाम्छु र शंका उपशंकाहरूले ग्रस्त हुँदै एकपल्ट घर सम्झन्छु। छोरीलाई बदाम लैजाऊ र रायोको साग.....(पृ.२५)।*

अड्डामा काम गर्ने कर्मचारी नै आफूलाई दीनहीन सम्झन्छ। कुनै पेसेवार भन्दा आफ्नो स्तर तल्लो भउको अनुभूति गर्दै सडकको छेउमा कुरा गरिरकहेको यसवक र आफूलाई दाँज्छ। पहिरन, हाउभाउ, बोलिचालीमा आफूभन्दा निकै उच्च भएको अनुमान गर्दै आफूलाई निरपेक्ष गरिवको रेखामुनि परेको व्यक्ति भन्दै आफ्नो

मानसिकताको चित्रण गरेको छ। समाजमा वेरोजगारी बढ्दै गएको समस्यालाई उद्घाटित गर्दै ऊ जस्ते निम्न वर्गको कर्मचारी कहाँ पनि जागिर खोज्न र भनिदिन मानिसहरू आउने कुरालाई कथामा व्यक्त गरिएको छ। साग र बदाम बोकेर फर्कन लाग्दा मलाई एउट युवक आकृतिको सम्झना आउँछ जो तीन वर्षौदेखि बेकार छ र खाउखाउमा जानु र काम खोज्नु नै उसको पेसा भैसकेको छ। हप्ताको एकपल्ट ऊ म कहाँ आउने गर्छ र भन्छ- *लौ न मलाई पनि तान्नुस न तपाईको शाखातिर (पृ. २६) ।*

कथामा काम पाएका र काम नपाएकाहरूको हविगत उस्तै छ। समस्या, अभाव र दीनहिनता उस्तै छ भन्दै कथाकारले निम्न तहका कर्मचारी र बेरोजगारको समस्यालाई यथार्थ रूपमा चित्रण गर्नु नै कथाको सारवस्तु हो भनेका छन्। निम्न तहका कर्मचारीले भोगेको र भोग्नुपरेको निरस जीवनको ग्लानि भावलाई व्यक्त गरी ऊ जस्तै समस्याग्रस्त नेपालीहरूको जीवनको चित्रण गर्नु कथाको सारवस्तु को भन्न सकिन्छ।

**निष्कर्ष**

पारिजात आधुनिक नेपाली साहित्यका विसङ्गतिवादी तथा समाजवादी प्रगतिवादी कथाकार हुन्। उनको औपचारिक शिक्षा स्नातकसम्म रहे पनि उनले अङ्ग्रेजी र हिन्दी भाषाको राम्रो ज्ञान हासिल गरेकी छन्। नेपाली साहित्यका अवला तत्कालिन राजनीतिक र विभिन्न संघ संस्थामा संलग्न रही योगदान पुऱ्याए बापत पारिजातले विविध सम्मान तथा पुरस्कार प्राप्त गरेकी छन्। साहित्यका विविध विधाबाट आफ्नो साहित्यिक परिचय दिन सफल पारिजातको साहित्ययात्राको प्रमुख क्षेत्र विशेषतः कथाकारिता हो। सर्व प्रथम *मैले नजन्माएको छोरो* (२०२१), कथा प्रकाशन गरी नेपाली कथाका क्षेत्रमा प्रवेश गरेकी पारिजातको साहित्य यात्रा तिनदशक लामो रहेको छ। यस अवधिमा लेखिएका उनका सम्पूर्ण कथाहरूलाई *आदिम देश* (२०२५), *सडक र प्रतिभा* (२०३२), *साल्गीको बलात्कृत आँशु* (२०४३) र *वधशाला जाँदा आउँदा* (२०४९) कथासङ्ग्रहले सङ्गृहीत गरेका छन्। उनका कथाहरूमा अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन एवम् समाजवादी दृष्टिकोण अभिव्यक्त भएको पाइन्छ।

पारिजातले आफ्ना कथामा जीवन जगत्का विद्रुप एवम् कुण्ठित रूग्ण विसङ्गत जीवन यथार्थ तथा समाजका आर्थिक सामाजिक जटिल समस्यालाई कथाको मुख्य स्रोत बनाएकी छन्। झिंनो कथावस्तु चयन गरी सोही अनुसार पात्रको उचित व्यवस्था मिलाउने पारिजातका अस्तित्त्ववादी विसङ्गतिवादी कथाहरूमा पात्रको मानसिक गहिराइलाई केलाइको छ। उनका यस प्रवृतिका कथाहरूमा 'आदिम देश', 'मैले नजन्माएको छोरो', 'साल्गीको बलात्कृत आँशु', 'तिउरीको फूल पायरियाको गन्ध' आदि उत्कृष्ट कथाहरू हुन्। यस्ता कथाहरूमा विकृत रूढि परम्परा र ह्रासोन्मुख मानवीय मूल्यको नकारात्मक दृष्टिकोण प्रस्तुति भएको छ। पारिजातको जीवन चेतनाको परिवर्तनसँगै उनको कथाकारिता जीवनवादी, सामाजिक जीवन सन्दर्भ, मार्क्सवादी प्रगतिवादी दृष्टिकोण अभिमुख भएको छ।

यसरी उनको कथायात्राको पछिल्लो चरणमा आइपुग्दा समाजका समसामयिक वर्गीय विषमतालाई कथाको मुख्य विषय बनाएकी छन्। यसका साथै वर्गीय दीन जीवनको विविध समस्याले निम्त्याएका दुःखद् परिमाणको कलात्मक अभिव्यक्ति उनका उत्तरार्द्धका कथाहरूमा पाइन्छ। उनका यस प्रवृतिका कथाहरू 'साल्गीको वलात्कृत आँशु' 'वधशाला जाँदा आउँदा' 'साँझ उदास घरको पिँढीमा' 'एउटा जुन पानी भित्र' 'नाउँ काटिन्छ' आदि महत्त्वपूर्ण कथाहरू हुन्। निम्नवर्गका विविध समस्या र शोषित वर्गले भोग्नु पर्ने जीवन यथार्थतालाई प्रस्तुत गर्दै पात्रको माध्यमबाट यथार्थ चित्रण गर्नु उनको कलागत प्रस्तुति हो। यसरी विसङ्गत जीवनभित्र अस्तित्त्व बोधको खोजी गर्ने पारिजातले सुरूका कथामा अस्तित्त्ववादी चिन्तन प्रस्तुत गरेकी छन्। यस क्रममा मान्छेका कुण्ठित, रूग्ण, निस्सार यथार्थबिमुख अपरिस्कृत भावनात्मक अभिव्यक्ति भएको छ भने उत्तरार्द्ध (पछिल्लो) समयका कथाहरूमा जीवनमुखी प्रगतिवादी चिन्तन अभिव्यक्त भएको छ। अतःअस्तित्त्ववादी विसङ्गतिवादी तथा समाजवादी चिन्तनलाई संयोजन गरी आफ्नो बौद्धिक एवम् वैचारिक अभिव्यक्ति दिनु उनको उनका कथाहरूमा सारवस्तुको प्रस्तुति अभिधार्थको तहबाट प्रत्यक्ष रूपमा भएको छ।

बालबालिकालाई मनोरञ्जन प्रदान गरी नैतिक शिक्षा दिनु कथाको उद्देश्य वा सारवस्तु रहेकाले यसलाई सरल शैलीमा प्रस्तुत गरी बालबालिकाको कोमल हृदयलाई स्पर्श गर्ने काम कथामा भएको छ। कथाहरूमा अभिव्यक्त सारवस्तु ज्यादै उपयोगी देखिन्छ।

**सन्दर्भ सामग्री**

अवस्थी, महादेव, (२०५५) *नेपाली कथा भाग -२* ,काठमाडौं : साझा प्रकाशन।

आचार्य, नरहरि र अन्य, (सम्पा.२०५४), *नेपाली कथा, भाग-१,* चौंथो संस्क.,ललितपुर : साझा प्रकाशन।

घिमिरे, कृष्णप्रसाद र ज्ञवाली, राम प्रसाद, (२०६४), *आख्यानकार पारिजात,* दोस्रो संस्क., काठमाडौं : हजुरको प्रकाशन।

न्यौपाने, टङ्कप्रसाद (२०४९), *साहित्यको रूपरेखा,* दोस्रो संस्क., साझा प्रकाशन।

पारिजात, (२०४९),*वधशाला जाँदा आउँदा,* प्रकाशन, गौरीशंङ्कर आपङ्गहरूको संगठन, नेपाल।

प्रधान, नयना, (२०३८), पारिजातको जीवनी, व्यक्तित्व र कृतित्व, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, किर्तिपुर।

बराल, ईश्वर (२०३९) *आख्यानको उद्भव,* काठमाडौं : साझा प्रकाशन।

बराल, ऋषिराज र घिमिरे, कृष्णप्रसाद (२०५५), *नेपाली कथा भाग -३,* काठमाडौं : साझा प्रकाशन।

रोका, रामचन्द्र, (२०५५), पारिजातको अन्य विधाको विश्लेषणात्मक योगदान, त्रि.वि स्नातकोत्तर शोधपत्र, केन्द्रीय विभाग, कीर्तिपुर।

लुइटेल, गोविन्दप्रसाद (२०७०), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पात्रविधान,* काठमाडौँ : आर्केडिया पब्लिसिङ हाउस प्रा. लि.

शर्मा, मोहनराज, (२०५८), *कथाको विकास प्रक्रिया,* तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन।

....................(२०५९), *शैली विज्ञान,* दोस्रो संस्क, काठमाडौं : ने. रा. प्र. प्र.।

सुवेदी, राजेन्द्र, (२०५३) *सृजनाका विधाका परिधिमा पारिजात,* काठमाडौं : भूमिका प्रकाशन।

...............(२०५७), *स्नातकोत्तर नेपाली कथा,* दोस्रो सस्क., ललितपुर : साझा प्रकाशन।